# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय
### गाडी (जीप) खरिद गर्ने बारेको
## शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७२/०८/१०

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम देहाय अनुसारका सवारी साधन आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन मिति २०७२/०६/१३ गतेको दैनिकपत्र पत्रिकामा सूचना प्रकाशित गरिएकोमा तोकिएको अवधि भित्र पर्याप्त संख्यामा बोलपत्र पेश हुन नआएको पूनः यो सूचना प्रकाशित गरिएको छ ।

१ बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस बैंकको सिद्धार्थनगर कार्यालय रुपन्देही, र कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीबाट तपशिल बमोजिमको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।

| बोलपत्र नं | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रु. | बोलपत्र दाखिल गर्ने माध्यम |
|---|---|---|---|---|---|
| SID/MT/01/72/73 | गाडी (जीप) २२०० CC +/-१% | १ (एक) | १०,०००।- (दश हजार मात्र) | १,९५,०००।- (एक लाख पन्चानब्बे हजार मात्र) | सिलबन्दी दर्ता |

२ बोलपत्र फाराम साथ माथि उल्लेखित बोलपत्र जमानत रकम यस कार्यालय स्थित खाता नं १९०९९३१/०११-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० (एकसय बिस) दिन मान्य अवधि (भ्यालिडिटि पिरियड) रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

३ बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको अपरान्ह १२:०० बजेभित्र यस बैंकको सिद्धार्थनगर कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फारम बुझाउंदा सिलबन्दी खामको बाहिर नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरलाई सम्बोधन गर्नु पर्नेछ ।

४ दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन दिउंसो २:३० बजे यस कार्यालयमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/संस्था/कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५ बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ :

(क) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

(घ) आ.ब.२०७१/०७२ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला प्रमाणको प्रतिलिपि

(ङ) बोलपत्रदाता फर्म/संस्था/कम्पनीको Power of Attorney Letter

(च) Manufacturer Authorization Letter ।

६ बोलपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

७ यसै सूचनाको दफा ५ बमोजिमका कागजातहरु संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको बोलपत्र कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) बमोजिम रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८ बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय बोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

९ यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा हेर्न सकिनेछ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको सयमभित्र यस कार्यालयको आन्तरिक प्रशासन फांट, सिद्धार्थनगर रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक,
सिद्धार्थनगर कार्यालय